नेपाल सरकार

सञ्चार तथा सूचना प्रविधि मन्त्रालय

## राष्ट्रिय समाचार समितिको महाप्रबन्धक पदको लागि आवेदन माग गरिएको सूचना

## (सूचना प्रकाशित मिति २०८२/०३/०१)

राष्ट्रिय समाचार समितिको महाप्रबन्धक पदमा नियुक्तिका लागि सिफारिस गर्नुपर्ने भएकोले देहायबमोजिमको योग्यता पुगेका नेपाली नागरिकबाट दरखास्त पेश गर्न यो सूचना प्रकाशित गरिएको छ।

१. दरखास्त पेश गर्ने अन्तिम दिनसम्म उमेर ३० वर्ष पूरा भई ६५ वर्ष ननाघेको,

२. मान्यता प्राप्त विश्वविद्यालयबाट कम्तिमा स्नातक तह उत्तीर्ण गरेको,

३. कानून बमोजिम दर्ता भएको सञ्चारमाध्यमको प्रधान सम्पादक, सम्पादक, प्रकाशक वा व्यवस्थापकको रुपमा काम गरेको वा आम सञ्चारसम्बन्धी प्राज्ञिक वा नीति निर्माण तहमा रही काम गरेको वा पत्रकारिता तथा आमसञ्चार क्षेत्रमा कम्तिमा सात बर्षको अनुभव भएको,

४. कुनै सरकारी सेवा वा सार्वजनिक संस्थान, प्राधिकरण, बोर्ड, समिति, आयोग, प्रतिष्ठान वा सार्वजनिक कम्पनीको सेवामा रहेको वा सेवाबाट अवकाश प्राप्त व्यक्तिको हकमा कम्तिमा अधिकृतस्तरको पदमा काम गरेको,

५. पत्रकार आचारसंहिता उल्लङ्घन अन्तर्गत सजाय नपाएको,

६. प्रचलित नेपाल कानून बमोजिम नियुक्ति हुन अयोग्य नठहरिएको।

७. उपर्युक्त योग्यता पुगेका इच्छुक व्यक्तिले देहायका कागजातहरू संलग्न गरी सञ्चार तथा सूचना प्रविधि मन्त्रालय समक्ष दरखास्त पेश गर्नुपर्नेछ:

   (क) नियुक्ति हुन चाहेको पदको तोकिए बमोजिमको दरखास्त फाराम,

   (ख) योग्यता तथा अनुभव समेत खुल्ने व्यक्तिगत विवरण (Bio data),

   (ग) नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि,

   (घ) शैक्षिक योग्यताका प्रमाण पत्रको प्रतिलिपि (विदेशी शैक्षिक संस्थाको योग्यता भए समकक्षताको प्रमाणपत्र समेत),

   (ङ) अनुभव खुल्ने प्रमाणपत्रको प्रतिलिपि (सेवा अवधि खुल्ने गरी),

   (च) नेपाली भाषामा A4 Size कागजमा तयार गरिएको पाँच पृष्ठ सम्मको शिलबन्दी व्यावसायिक कार्ययोजना (कम्प्युटर टाइप गरिएको, पहिलो पाना (Cover Page) को सबैभन्दा माथि आफ्नो नाम लेखि, हरेक पानाको पश्च भागमा हस्ताक्षर गरिएको र अन्य कहीं पनि नाम वा आफूलाई चिनाउने कुनै सङ्केत नभएको),

   (छ) कुनै विदेशी मुलुकको स्थायी आवासीय अनुमतिपत्र नलिएको/नभएको स्वःघोषणा,

   (ज) पदसँग सम्बन्धित अन्य कुनै कागजात भए सोको प्रतिलिपि।

८. शैक्षिक योग्यता र कार्य अनुभव प्रमाणपत्रको प्रतिलिपि स्वयं प्रमाणित गरिएको हुनुपर्ने।

९. **दरखास्त पेश गर्ने अन्तिम मिति:** यो सूचना प्रकाशित भएको मितिले पन्ध्रौं दिन। सो दिनमा सार्वजनिक बिदा परेमा त्यस पछिको कार्यालय खुलेको दिन कार्यालय समय भित्र।

१०. **दरखास्त बुझाउने स्थान:** सञ्चार तथा सूचना प्रविधि मन्त्रालय, संस्थान समन्वय शाखा, सिंहदरवार।

११. उम्मेदवारले पेश गरेको व्यावसायिक कार्ययोजना, सोको प्रस्तुतीकरण र अन्तरवार्ताको मूल्याङ्कनका आधारमा नियुक्तिको लागि सिफारिस गरिनेछ ।

१२. रित नपुगी आएको र समयभित्र प्राप्त नभएको दरखास्त उपर कुनै कारवाही गरिनेछैन।

१३. दरखास्त साथ उम्मेदवारले स्वःघोषणा पेश गर्नुपर्नेछ। दरखास्त फाराम र स्वःघोषणाको ढाँचा मन्त्रालयको वेबसाइट www.mocit.gov.np बाट प्राप्त गर्न सकिनेछ।

**पुनश्च:** थप जानकारीको लागि सञ्चार तथा सूचना प्रविधि मन्त्रालयको संस्थान समन्वय शाखामा सम्पर्क गर्न सकिनेछ।

फोटो

दरखास्तको ढाँचा

श्रीमान संयोजकज्यू,
राष्ट्रिय समाचार समितिको महाप्रबन्धकको नियुक्ति सम्बन्धी सिफारिस समिति,
सिंहदरबार, काठमाडौं ।

विषय: दरखास्त पेश गरेको ।

राष्ट्रिय समाचार समितिको महाप्रबन्धकको नियुक्ति सम्बन्धी सिफारिस समितिको मिति ...................मा ..........................मा प्रकाशित सार्वजनिक सूचना बमोजिम देहाय बमोजिमको व्यक्तिगत विवरण सहित तोकिए बमोजिमका कागजात समेत संलग्न गरी यो दरखास्त पेश गरेको छु ।

व्यक्तिगत विवरण

१. नाम थर
नेपालीमा:..............................................................
अङ्ग्रेजीमा:..............................................................

२. जन्म मिति:
वि. सं:..........................................................
इ सं: ..........................................................

३. आमाको नाम थर:..................................

४. बाबुको नाम थर:.........................................

५. स्थायी ठेगाना
प्रदेश:.......................... जिल्ला:................................. पालिका:........................................ वडा नं:.........

६. सम्पर्क ठेगाना:
प्रदेश:.......................... जिल्ला:................................. पालिका:........................................ वडा नं:.........

७. सम्पर्क टेलिफोन नं.:...........................

८. इमेल ठेगाना:..............................

दरखास्त दिनेको हस्ताक्षर

# स्वघोषणापत्र

म मुलुक र जनताको सर्वोत्तम हितलाई ध्यानमा राखी, व्यक्तिगत स्वार्थभन्दा माथि उठेर पदीय जिम्मेवारी निर्वाह गर्नका लागि ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... ... को ... ... ... ... ... ... ... ... ... पदमा नियुक्ति/मनोनीत हुनका लागि प्रचलित कानुनमा तोकिएबमोजिमका सम्पूर्ण योग्यता पूरा गरेको एवं कानुनबमोजिम अयोग्य नरहेको हुँदा देहायबमोजिमका विवरणसहित यो स्वघोषणा गरी पेस गरेको छु।

१. नाम, थर (नेपालीमा):
   **Name (In English)** :
२. जन्म मितिः वि.सं.: इ.सं.:
३. स्थायी ठेगानाः
   अस्थायी ठेगानाः
४. नागरिकता प्रमाणपत्र / राष्ट्रिय परिचयपत्र नं.:
   जारी मिति र जिल्लाः
५. सम्पर्क नं.:
६. इमेलः
७. शैक्षिक योग्यताः
८. मैले कुनै पनि विदेशी मुलुकको नागरिकता वा स्थायी/अस्थायी आवासीय अनुमति पत्र वा सुविधा प्राप्त गरेको छैन।
९. म हाल कुनै पनि अन्तर्राष्ट्रिय वा विदेशी सहायताद्वारा सञ्चालित गैरसरकारी संस्थामा आबद्ध छैन।
१०. म भविष्यमा सरकारी सेवाको निमित्त अयोग्य ठहरिने गरी सेवाबाट बर्खास्त भएको छैन।
११. म हाल कुनै पनि राजनीतिक दलको सदस्य रहेको छैन।
१२. मैले भ्रष्टाचार, जबरजस्ती करणी, मानव बेचबिखन तथा ओसारपसार, लागू औषध कारोबार, सम्पत्ति शुद्धीकरण, राहदानी दुरुपयोग, अपहरणसम्बन्धी कसूर वा नैतिक पतन देखिने अन्य फौजदारी कसूरमा सजाय पाएको छैन।
१३. मेरा विरुद्धमा कुनै पनि तहको अदालतबाट कुनै पनि किसिमको सजाय वा जरिवाना तोकिएको छैन र मैले तिर्न बुझाउनसमेत बाँकी छैन।
१४. नियुक्ति/मनोनीत हुन लागेको संस्था वा निकायसँग पेसागत वा व्यावसायिक रूपले मेरो कुनै किसिमले स्वार्थ बाझिने अवस्था रहेको छैन।
१५. नियुक्ति हुँदाको बखत आमसञ्चार संस्थाको पदाधिकारी, सञ्चालक वा सम्पादक नरहेको।
१६. मैले पत्रकार आचारसंहिता उल्लंघन अन्तर्गत सजाय पाएको छैन।

मैले माथि गरिदिएको स्वघोषणाको व्यहोरा ठिक साँचो हो। झुट्टा ठहरे कानुनबमोजिम सहुँला बुझाउँला।

स्वघोषणा गर्ने व्यक्तिको -

दस्तखतः

| दायाँ | बायाँ |
|---|---|
| | |

स्वघोषणा गराउने अधिकृतको -

दस्तखतः

नाम, थरः

पदः

कार्यालयः

मिति :